98

आजमिति २०७७ साल असाढ महिनाको ८ गतेका दिन यस बारेकोट गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री महेन्द्र बहादुर शाह ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल गरी निम्ना अनुसारका निर्णयहरु गरियो ।

उपस्थिति :

| क्र.स. | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री महेन्द्र बहादुर शाह | अध्यक्ष | |
| २. | श्री ओमा शाही | उपाध्यक्ष | |
| ३. | अजविर सिँह | सदस्य गाउँ कार्यपालिका | |
| ४. | लालभक्तसिँह | सदस्य गाउँ कार्यपालिका | |
| ५. | मनबहादुर शाही | सदस्य गाउँ कार्यपालिका | |
| ६. | सिर्जना बस्नेत | सदस्य गाउँ कार्यपालिका | |
| ७. | कर्ण कामी | सदस्य गाउँ कार्यपालिका | |
| ८. | बसन्त शाही | सदस्य गाउँ कार्यपालिका | |
| ९. | शशीराम गौतम | सदस्य गाउँ कार्यपालिका | |
| १०. | द्वारिका प्रसाद बुढा | सदस्य गाउँ कार्यपालिका | |
| ११. | तिले महतारा | सदस्य गाउँ कार्यपालिका | |
| १२. | धनविर कामी | सदस्य गाउँ कार्यपालिका | |
| १३. | ऐन बहादुर परियार | सदस्य गाउँ कार्यपालिका | |
| १४. | ममिता पुन(घर्ती) | सदस्य गाउँ कार्यपालिका | |
| १५. | शिला सार्की | सदस्यगाउँकार्यपालिका | |
| १६. | सुन्दरी सार्की | सदस्य गाउँ कार्यपालिका | |
| १७. | देउमा बुढा | सदस्य गाउँ कार्यपालिका | |
| १८. | गोविन्द बहादुर सिंह | सदस्य सचिव गा. का. पा. | |

आमान्त्रीतहरु

देव बहादुर चलाउने वडा सदस्य ६

मौसिमा बोहरा वडा सदस्य ४

माया देवी चलाउने वडा सदस्य ६

भक्त ब० बस्नेत वडा सदस्य ५

सुरेन्द्र बहादुर सिंह

*बारेकोट गाउँपालिका, गाउँकार्यपालकाको बैठक*
*२०७७ असार ८ गते गते*

**निर्णय नं १**
आगामी आ.व. २०७७/०७८ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्नका लागि मिति २०७७ असार १० गते लागि गाउँसभाको बैठक बोलाउने निर्णय सर्वसम्मतिले पारित गरियो । उक्त नीति तथा कार्यक्रमको ड्राफ्ट तयार गरी श्री महेन्द्र बहादुर शाहलाई सहजीकरण गर्नका लागि देहायको एक प्राविधिक समिति गठन गर्ने निर्णय गरियो ।
१. नि. प्रमुख प्रशासकीय अधिकृत : गोविन्द बहादुर सिंह
२. योजना अधिकृत : प्रकाश बटाला
३. एमआइएस अपरेटर : सुरेन्द्र बहादुर सिंह

**निर्णय नं. २**
स्थानीय राजस्व परामर्श समितिबाट मिति २०७७ असार १ गतेको बैठकको निर्णय अनुसार सिफारिस भई आएको प्रतिवेदन उपर व्यापक छलफल भई उक्त प्रतिवेदनलाई पारित गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पठाउने निर्णय गरियो । साथै उक्त प्रतिवेदनका आधारमा बारेकोट गाउँपाालिकाको आर्थिक विधेयक, २०७६ को ड्राफ्ट तयार गर्नका लागि विधायन समितिमा पठाउने निर्णय गरियो ।

**निर्णय नं. ३**
आगामी आ.व. २०७७/०७८ को वार्षिक बजेट तथा कार्यक्रम तर्जुमाका लागि मिति २०७६ असार ८ गते दिउँसो १ बजे मिति र समय तयार गर्ने निर्णय गरियो । साथै उक्त बैठकमा सहजीकरण गरी उचित राय, सल्लाह, सुझाव प्रदान गरी सन्तुलित बजेट तथा कार्यक्रम तयार गर्नका लागि सम्पुर्ण वडा अध्यक्ष ज्युहरुलाई आमन्त्रित सदस्यका रुपमा मनोनित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**
आगामी आ.व. २०७७/०७८ को वार्षिक बजेट तथा कायृक्रम प्रस्तुत गर्नका लागि यही मिति २०७७ असार १० गते गाउँसभाको बैठक आह्वान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**
आगामी आ.व २०७७/०७८ को बजेट तथा कार्यक्रमको पूर्णता प्रदान गर्नका लागि योजनाहरुको प्राथमिकिकरण गर्नका लागि बृहत छलफल गर्नुपर्ने भएकोले बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट सिफारिस भई आउने योजना तथा कार्यक्रम माथि व्यापक छलफल गरी गाउँसभामा पारित गर्नका लागि सिफारिस गरी पठाउनु पर्ने प्रावधान भएको हुँदा उक्त कार्यका लागि मिति २०७६ असार ९ गतेका लागि गाउँ कार्यपालिकाको बैठक बस्ने निर्णय गरियो ।

बारेकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल